annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ४३, पृष्ठ १२ | काठमाडौं, शुक्रबार २९ जेठ २०८३ | ज्येष्ठ कृष्णपक्ष द्वादशी, काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



आवरण समाचार

## अमेरिकी महादेशमा १२ वर्षपछि फर्कियो विश्वकप

**नेपालीमा उखान छ, '१२ वर्षपछि खोला पनि फर्किन्छ ।' यही उखान फिफा विश्वकप २०२६ मा ठ्याक्कै मेल खान्छ । विश्व फुटबलको सबैभन्दा ठूलो महोत्सव फिफा विश्वकप १२ वर्षपछि फेरि अमेरिकी महादेशमा फर्किएको छ । यसपटक भने इतिहासमै पहिलोपटक तीन राष्ट्र संयुक्त राज्य अमेरिका, क्यानडा र मेक्सिकोले संयुक्त रूपमा प्रतियोगिताको आयोजना गर्दै छन् । १६ वटा सहरका अत्याधुनिक रंगशालामा हुने यो विश्वकप केवल फुटबल प्रतियोगिता मात्र होइन, विश्व खेलकुदकै सबैभन्दा ठूलो उत्सव पनि हो ।**

समाचार पृष्ठ २

विष्णु थापा | *काठमाडौं*
सुरज भण्डारी | *अमेरिका*

विश्वकप २०२६ को उद्घाटन खेल हुने मेक्सिकोको सिटी स्टेडियम एस्टाडियो एज्टेका ।

रामहरि श्रेष्ठ हत्या प्रकरण

## संयुक्त इजलासको फैसला उल्टाउँदै बटालालाई १० वर्ष कैद



**दिनेश गौतम** | *काठमाडौं*

सर्वोच्च अदालतले व्यवसायी रामहरि श्रेष्ठको हत्या आरोप लागेका तत्कालीन नेकपा (माओवादी) सेनाका ब्रिगेडियर कमान्डर गोविन्दबहादुर बटालालाई १० वर्ष कैद सजाय सुनाएको छ।

न्यायाधीशहरू डा. नहकुल सुवेदी, अब्दुल अजिज मुसलमान र शान्तिसिंह थापाको पूर्ण इजलासले यसअघिको संयुक्त इजलासको आदेश उल्ट्याउँदै बिहीबार यस्तो फैसला सुनाएको हो। सर्वोच्चका प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार तत्कालीन मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नम्बरबमोजिम बटालालाई १० वर्ष कैद सजाय तोकिएको हो। अदालती बन्दोबस्तको १८८ नम्बरमा जन्मकैद गर्नुपर्ने खालका मुद्दामा न्यायकर्तालाई लागेमा ऐनले हुने सजायमा घटाई तोक्न सक्ने व्यवस्था रहेको छ। सर्वोच्चले सवारीचालक 'संकल्प' भनिने अर्जुन कार्कीलाई भने सफाइ दिएको छ।

व्यवसायी श्रेष्ठको कोटेश्वरस्थित घरमा 'जनमुक्ति सेना' तेस्रो डिभिजनको सम्पर्क कार्यालय भाडामा राखिएको थियो। २०६४ चैत १४ गते उक्त कार्यालयबाट १७ लाख नगदसहित हतियार चोरी भएको थियो। तत्कालीन माओवादीले सो घटनाको छानबिनका लागि तेस्रो डिभिजन कार्यालयबाट बटालालाई खटाएको थियो। बटालाले २०६५ वैशाख ७ गते श्रेष्ठलगायतसँग सोधपुछ गरेका थिए।

पछि वैशाख १५ गते राति २ बजे श्रेष्ठको घरमा सपरिवार सुतिरहेको बेला बटाला त्यहाँ पुगेका थिए। श्रेष्ठलाई नियन्त्रणमा लिई चितवनको शक्तिखोर पुऱ्याइएको थियो। वैशाख २८ गते राति शक्तिखोरमा श्रेष्ठको टाउको, छाती र तिघ्रामा कुटपिट गरी मरणासन्न पारिएको थियो। उपचारका लागि काठमाडौं ल्याउँदै गर्दा भालुढुंगामा श्रेष्ठको मृत्यु भएपछि शवलाई तन्नामा पोको पारी, ढुंगा बाँधेर नारायणी नदीमा फालिएको सरकारी वकिलको दाबी छ। शव बोक्न र फाल्न डिभिजनकै बोलेरो गाडी प्रयोग गरिएको थियो। २०६५ वैशाख २८ गते बिहान नारायणी नदीमा श्रेष्ठको शव फेला परेको थियो। त्यसपछि श्रेष्ठकी श्रीमती रमिलाले आफ्ना पतिको अपहरणपछि हत्या गरिएको भन्दै किटानी जाहेरी दिएकी थिइन्।

यसअघि २०७६ फागुन १८ मा सर्वोच्चको संयुक्त इजलासले बटाला र कार्कीलाई सफाइ दिने फैसला गरेको थियो। तत्कालीन न्यायाधीशद्वय तेजबहादुर केसी र टंकबहादुर मोक्तानको संयुक्त इजलासले बटालाले अधिकार प्राप्त अधिकारी र अदालतमा इन्कारी बयान दिएको तथा व्यवसायी श्रेष्ठलाई कुटपिट गरेको भन्ने मिसिलमा संलग्न कुनै पनि तथ्य प्रमाणबाट खुल्न नआएको ठहर गर्दै सफाइ दिएको थियो।

» बाँकी पृष्ठ ६

